# विक्यान : छैठौं बार्षिक साधारण सभासम्म आईपुग्दा

जल तथा ऊर्जा क्षेत्रमा छरिएर काम गरिरहेका परामर्शदाताहरुलाई एउटै छाता भित्र समावेश गर्ने र यस क्षेत्रमा परामर्श क्षेत्रसँग संम्बन्धित अवसरहरु धेरै भन्दा धेरै सृजना गरी देश विकासको अभियानमा समेत पूर्ण रुपमा समर्पित गर्ने उद्धेश्यका साथ २०६६/५/२९ गते तदनुसार 14 Sept. 2009 मा जिल्ला प्रशासन कार्यालय काठमाडौंमा विधिवत् रुपमा जल तथा ऊर्जा परामर्शदाता संघ नेपाल (WECAN) दर्ता भएको हो । हालसम्म यस संस्थामा ५८ संस्था एवं व्यक्तित्वहरु आबद्ध भइसकेका छन् । जसअनुसार २३ संस्थाहरुले आजीवन सदस्यता प्राप्त गरिसकेका छन् , ३ जना मानार्थ सदस्य र बाँकी ३२ कम्पनीहरु साधारण सदस्यको रुपमा रहेका छन् । साथै WECAN द्वारा सन् २०११ मा शुरु गरिएकको WECAN Lifetime Achievement Award बाट सन् २०११ मा श्री अक्कलमान नकर्मी , २०१२ मा श्री श्यामराज प्रधान र २०१३ मा सुरेन्द्र भक्त माथेमालाई प्रदान गरिएको छ । सन् २०१४ को WECAN Lifetime Achievement Award नेपालको नवीकरणीय ऊर्जा क्षेत्रको विकासमा झण्डै ३० बर्ष सेवा पुर्याउनु भएका श्री भोला श्रेष्ठलाई प्रदान गर्न लागिएको छ ।

विशेष गरी वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग सम्बन्धित लघु जलविद्युत आयोजनाहरुको सर्वे तथा डिजाईन गर्ने कम्पनीहरुको रुपमा व्यवसायिक यात्रा शुरु गरेका कम्पनीहरुको साझा प्रयासबाट जल तथा ऊर्जा परामर्शदातासंघ नेपालको गठन भएको छ । हाल साना तथा मझौला खाले जलविद्युत आयोजनाहरुको विस्तृत सर्वे तथा डिजाईन गर्न सक्ने समेत उल्लेख्य परामर्शदाताहरु विक्यानमा आवद्ध छन् ।

**संस्थाका मुख्य उपलब्धि :**

(१) परामर्शदातासम्बन्धी भएगरेका विभिन्न निर्णय एवं गतिविधिका सम्बन्धमा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रलगायतका सरोकार निकायहरूमा जल तथा ऊर्जा परामर्शदाता संघ नेपाल (WECAN) का तर्फबाट संस्थाको आधिकारिक धारणासहित पेशागत हकहित र मर्यादालाई कायम राख्दै विभिन्न मितिमा संबन्धित सरोकारवाला निकायहरुसँग नीतिगत सुधारको लागि विभिन्न माध्यमबाट पहल गरिएको छ ।

(२) परामर्शदाता कम्पनीहरूको क्षमतावृद्धि गर्नका हरेक वर्ष नियमित रुपमा जलविद्युत आयोजनाको सर्वे तथा डिजाईनसँ सम्बन्धित तालिमहरु संचालन गरिँदै आएको छ ।

(३) जल तथा ऊर्जासँग सम्बन्धित विभिन्न विषयहरुमा हुने गरेका राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरका गोष्ठी, सेमिनार तथा प्रदर्शनी जस्ता गतिविधिहरुमा यस संस्थाको तर्फबाट उल्लेख्य उपस्थिति जनाउने प्रयत्न भएको छ ।

(४) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा शुरू भएका राष्ट्रिय ग्रामीण तथा नवीकरण ऊर्जा कार्यक्रम ( NRREP) को कार्यान्वयन तथा यसको संरचनाका विषयमा संस्थाले आफ्नो स्पष्ट धारणा राख्दै परामर्शदाताको भूमिकालाई उल्लेखनीय र सुरक्षित राख्न महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

(५) WECAN द्वारा सन् २०११ मा शुरु गरिएकको WECAN Lifetime Achievement Award बाट सन् २०११ मा श्री अक्कलमान नकर्मी , २०१२ मा श्री श्यामराज प्रधान र २०१३ मा सुरेन्द्र भक्त माथेमालाई प्रदान गरिएको छ । सन् २०१४ को WECAN Lifetime Achievement Award नेपालको नवीकरणीय ऊर्जा क्षेत्रको विकासमा झण्डै ३० बर्ष सेवा पुर्याउनु भएका श्री भोला श्रेष्ठलाई प्रदान गर्न लागिएको छ ।

(६) यस संस्थाले आफ्नो पकाशनको लागि इनर्जी मिडिया मिसन प्रालि (ऊर्जा आवाज) लाई मिडिया पार्टनर बनाई जल तथा ऊर्जा क्षेत्रका लेख रचनाहरु प्रकाशित गर्दै आएको छ भने नियमित गतिविधिहरुलाई संस्थाको वेभसाईट www.wecan.org.np मा राख्ने व्यवस्था मिलाईएको छ।

(७) **WECAN** कै पहलमा नवीकरणीय ऊर्जा क्षेत्रमा काम गरिरहेका **Solar Electric Manufacturers Association Nepal (SEMAN), Nepal Biogas Promotion Association (NBPA) , Nepal Micro/Mini Hydropower Development Association (NMHDA)** तथा सुधारिएको चुलोको क्षेत्रमा काम गरिरहेका संस्थाहरुसँगको साझा अर्न्तकृया कार्यक्रमहरु नियमित रुपमा संचालन भएका छन् ।

(८) नेपाल–चीन उद्योग वाणिज्य संघ र जल तथा ऊर्जा परामर्शदाता संघ नेपालको संयुक्त आयोजनामा ३० मार्च, २०१३ मा **Importance of Power Evacuation for Development of Small Hydropower Projects** विषयक अन्तरक्रिया कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा चीनका लागि नेपाली राजदूत महामहिम डा. महेश कुमार मास्केको विशेष आतिथ्यता रहेको थियो ।

(९) सिन्धुपाल्चोकको जुरे घटना भए लगत्तै  WECAN को तर्फबाट जुरे क्षेत्रको अवलोकन भ्रमण गरी उक्त भ्रमणको आधारमा तयार गरिएको प्रतिवेदन प्रधानमन्त्रीको कार्यालय, गृह मन्त्रालय, ऊर्जा मन्त्रालय, राष्ट्रिय योजना आयोग र मुख्य सचीब श्री लिलामणी पौडेल  ज्यूलाई कुभ्फाईएको  । विशेष गरी कसरी सिन्धुपाल्चोक जुरे घटनाका पीडितहरुको तत्काल प्रभावकारी राहत एवं पुनःस्थापना गर्न सकिन्छ र दीर्घकालीन विकासलाई कसरी लागू गर्नु सान्दर्भिक हुन्छ भन्ने विषयहरुलाई प्रतिवेदनमा उल्लेख गरिएको  ।

(१०) भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको पूर्व सन्धयामा विद्युत व्यापार सम्भ्फौतासँग सम्बन्धित विषयमा WECAN को कार्यकारी समितिमा छलफल गरी नेपालको हीतमा हुने गरी मात्र उक्त सम्भ्फौता गर्नुपर्ने ६ बुँदा सहितको सुभ्फाव WECAN को Website बाट सार्वजनिक गरिएको थियो ।

## संस्थाका संभावना एवं चुनौतीहरु

जल तथा ऊर्जा परामर्शदाता संघ नेपाल विशेष गरी नवीकरणीय ऊर्जा क्षेत्रमा काम गरिरहेका युवा परामर्शदाता संस्थाहरुको विशष पहलमा स्थापना गरिएको संस्था भएकोले पक्कै पनि यस क्षेत्रमा केही संभावनाहरु रहेका छन् । यस संस्था सामू निम्न संभावनाहरु रहेका छन् ।

## संभावनाहरु

(क) जल तथा ऊर्जा क्षेत्रमा काम गरिरहेका संस्थाहरुको संगठित निजी क्षेत्रको संस्था भएको र विशेष गरी ऊर्जा क्षेत्र राष्ट्रिय प्राथमिकताको समेत क्षेत्र भएकोले जल तथा ऊर्जा क्षेत्रमा विशेष गरी मभ्फौला तथा ठूला जलविद्युत आयोजना र नवीकरणीय ऊर्जा सँग सम्बन्धित परामर्श सेवाको हकमा देश तथा विदेशमा पनि व्यवसाय प्रवर्द्धन गर्न परामर्शदाता संस्थाहरुलाई नीतिगत एवं समन्वयात्मक भूमिका खेल्न सकिने देखिन्छ ।

(ख) परामर्शदाता संस्थाहरुको क्षमता अभिवृद्धि गर्नको लागि विभिन्न विषयहरुमा राष्ट्रिय एवं अर्न्तराष्ट्रिय स्तरका तालिमहरु संचालन गरि परामर्शदाताहरुलाई दक्ष जनशक्तिको प्रवर्द्धन एवं प्रविधिको हस्तान्तरणको लागि समेत WECAN ले प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने देखिन्छ ।

(ग) जल तथा ऊर्जासँग सम्वन्धित विषयहरुमा बन्ने नीति, नियम,निर्देशिका, मापदण्ड आदि निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गर्न सकिने देखिन्छ ।

(घ) WECAN ले सन् २०११ बाट WECAN Lifetime Achievement Award प्रदान गर्दै आएको छ र यसको निरन्तरताले निजी क्षेत्रमा काम गरिरहेका क्षमतावान व्यक्तित्व र संस्थाहरुलाई सम्मान दिने संस्थाको रुपमा यसलाई स्थापित गर्न सकिन्छ ।

## चुनौतीहरु

WECAN का अगाडि संभावना सँगसँगै चुनौतीहरु समेत उल्लेख्य रुपमा रहेका छन् । केही चुनौतीहरुलाई यहाँ उल्लेख गरिएको छ ।

(क) देश भित्र नै ठूला खाले जलविद्युत परियोजनाहरु धमाधम निर्माण भईरहेको वर्तमान स्थितिमा साना, मझौला तथा ठूला खाले परियोजनाहरुको डिजाईन तथा विस्तृत अध्ययन र सुपरिवेक्षण गर्ने स्तरमा स साना परामर्शदाता संस्थाहरुलाई राज्यले नियमित रुपमा तालिम संचालन गर्ने व्यवस्था मिलाउने, साना तथा मझौला खालका परामर्शसेवाका कार्यहरुमा भूमिका दिनको लागि समानुपातिक अवधाणाको आधारमा परामर्शसेवा साना कम्पनीहरुलाई उपलब्ध गराउनु सान्दर्भिक छ जुन हाल सम्म हुन सकेको छैन ।

(ख) नेपालको नवीकरणीय ऊर्जा क्षेत्र वर्तमानमा संकटमा रहेको स्थिति छ । ठूलो आर्थिक बजेट तथा अपेक्षा सहित हाल कार्यान्वयनमा रहेको राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम गुणस्तरमुखी हुन नसक्दा एकातिर नवीकरणीय ऊर्जा क्षेत्र नै संकटमा परिरहेको छ भने अर्कोतिर यस क्षेत्रमा परामर्शसेवा उपलब्ध गराईरहेका परामर्शदाता कम्पनीहरु पलायन हुने स्थितिमा पुगेका छन् ।